**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल कार्तिक ७ गते आइतबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिश गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | साविक जिल्ला कृषि विकास कार्यालय रुकुम (पश्चिम) को स्वामित्वमा रहेको कि.नं. ७१० र ७२९ को जग्गा र सोमा बनेका भवन लगायत भौतिक संरचना हाल मुसिकोट नगरपालिकाले भोगचलन गरिरहेकोमा उक्त जग्गाको स्वामित्व मुसिकोट नगरपालिकालाई हस्तान्तरणका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रवर्द्धन कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम (संस्था/समितिलाई) को स्वीकृत बजेट रु. १,००,००,००,०००/- (एक अर्ब) मध्ये रु. ५०,००,००,०००/- (पचास करोड) आर्थिक मामिला तथा योजना मन्त्रालयलाई नीति, कार्यविधि तथा प्रचलित कानुन बमोजिम कार्यान्वयन तथा सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि, २०७८" लाई स्वीकृत प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | 'जनयुद्ध, जनआन्दोलन र प्रदेश प्रासिको आन्दोलनका घाइते अपाङ्गता व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०७८" लाई स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | जनयुद्ध, जनआन्दोलन र प्रदेश प्रासिको आन्दोलनका सहिद बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८" लाई स्वीकृत प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | मुगु बस दुर्घटनामा परी मृत्यु भएका मृतकका परिवारलाई प्रति मृतक रु. १,००,०००/- (एकलाख) का दरले राहत रकम प्रदान गर्न जिल्ला प्रशासन कार्यालय मुगुलाई रु. ३३,००,०००/- (तेत्तिस लाख) |

| | |
|---|---|
| | रकम निकासा गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी नियमावली, २०७८ स्वीकृत गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७८ स्वीकृत गर्ने । |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | आ.व. २०७५।०७६ सम्मको बार्षिक विवरण नवुझाएका तथा नवीकरण नगरेका प्राइभेट फर्मले २०७८ साल पौष मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको पाँच प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिनाहा गर्ने । |
| सामाजिक विकास मन्त्रालय | स्वास्थ्य सेवा कार्यालय कालिकोट अन्तर्गत सञ्चालन हुने सरुवा रोग अस्पतालको लागि थप अस्थायी दरबन्दी तेरिज स्वीकृत गर्ने । |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश" प्रदेश प्रमुखबाट जारी गर्न सिफारिश प्रदान गर्ने । |